
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३२१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस ५ गते मंगलबार ❑ 20 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## स्वतन्त्र प्रेस सधैँ प्राथमिकतामा : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ पुस**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले स्वतन्त्र प्रेस सधैँ सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ ।

नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेश समितिको तेस्रो साधारणसभाको सोमबार पोखरामा उद्घाटन गर्दै उहाँले लोकतन्त्रका लागि स्वतन्त्र प्रेस अपरिहार्य भएको बताउनुभयो ।

सरकार सधैँ स्वतन्त्र प्रेसका पक्षमा रहेको बताउँदै उहाँले बन्ने कानुन पनि प्रेसमैत्री हुनुपर्नेमा जोड दिनुभयो । गण्डकीमा सञ्चार विधेयक ल्याउनका लागि तयारी भए पनि यस कार्यकालमा सम्भव हुन नसकेको बताउँदै उहाँले उक्त विधेयकलाई प्रेसमैत्री बनाउने कुरामा आफू निरन्तर लागिरहेको जानकारी दिनुभयो ।

विकाससँग पत्रकारलाई जोड्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले पछिल्ला समयमा यो सोच विस्तार हुँदै गएको बताउनुभयो । नेपाल पत्रकार महासङ्घका वरिष्ठ उपाध्यक्ष रमेश विष्टले महासङ्घ



निरन्तररुपमा स्वतन्त्र प्रेसका पक्षमा सङ्घर्ष गरिरहेको बताउनुभयो ।

महासङ्घका आगामी दिनमा हुने साधारणसभामा परम्परागत शैलीलाई परिमार्जन गर्दै यस क्षेत्रको सुधारका पक्षमा छलफल तथा अन्तर्क्रिया हुने किसिमले अघि बढाउनुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष नारायण शर्मा, महासचिव गोविन्द सुवेदी, स्वतन्त्र पत्रकार सङ्घ नेपालका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद बास्तोला, नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष ऋषिकान्त पौडेल, फोनिज गण्डकीका अध्यक्ष रुद्र श्रीस, प्रेस सेन्टर नेपाल गण्डकीका उपाध्यक्ष घनश्याम पाण्डे, समाजवादी प्रेस सङ्गठन गण्डकीका अध्यष गणेश पौडेल, प्रेस चौतारी नेपालका श्याम कुँवर, प्रेस युनियन कास्कीका अध्यक्ष विमला भण्डारी लगायतले कोभिडलगायतका कारण पत्रकार एवं पत्रकारिता क्षेत्र प्रभावित बनेको बताउनुभयो ।

साधारणसभाले गण्डकी प्रदेशभित्रका महासङ्घका सबै सदस्यको पारिवारिक स्वास्थ्य बीमा तत्काल लागू गर्न गण्डकी प्रदेश सरकारसँग माग गरेको छ । साधारणसभापछि पोखरा घोषणापत्र जारी गर्दै महासंघले उक्त माग गरेको हो । घोषणापत्रमा श्रमजीवी पत्रकार ऐन तत्काल कार्यान्वयन गर्न नेपाल सरकारसँग अनुरोध गरिएको छ । महासंघले समानुपातिक विज्ञापन नीति तत्काल लागू गर्न तथा सञ्चारमाध्यमका लागि प्रदान गरिँदै आएको लोक कल्याणकारी विज्ञापन रकम वृद्धि गर्न माग गरेको छ ।

प्रदेशसभामा विचाराधीन आम सञ्चारमैत्री विधेयक ल्याउन र प्रदेश आम सञ्चार प्रतिष्ठान गठन गर्न माग गर्दै महासंघले पत्रकारहरूको क्षमता अभिवृद्धिका लागि अध्ययनवृत्ति, लेखनवृत्ति तथा छात्रवृत्ति राज्यस्तरबाट उपलब्ध गराउन माग गरिएको छ ।

पत्रकारको क्षमता अभिवृद्धि तथा छात्रवृत्ति राज्यस्तरबाट उपलब्ध गराउन र पत्रकारहरूलाई डिजिटल मिडियातर्फ आकर्षित गर्न उपलब्ध नवीनतम प्रविधि र यान्त्रिक उपकरणमा जोड दिन आवश्यक सहयोग गर्न माग गरिएको छ ।

## कांग्रेस संसदीय दलको नेताको निर्वाचन पुस ६ गते

**रासस**
**काठमाडौं, ४ पुस**

नेपाली कांग्रेस संसदीय दलको नेताको निर्वाचन यही पुस ६ गते हुने भएको छ ।

कांग्रेस संसदीय दल निर्वाचन समितिले संसदीय दलको नेताको निर्वाचन यही पुस ६ गते हुनेगरी सोमबार कार्यतालिका सार्वजनिक गरेको हो । निर्वाचन प्रयोजनार्थ गठित निर्वाचन समितिमा पार्टीका नेता भीष्मराज आङ्दम्बे संयोजक, पुष्पा भुसाल र प्रकाश रसाइली स्नेही सदस्य हुनुहुन्छ ।

तालिका अनुसार मतदाता नामावली प्रकाशन पुस ४ गते दिउँसो २ बजे, उम्मेदवारका लागि दर्खास्त पुस ५ गते दिउँसो २ बजेदेखि ३ बजेसम्म र उम्मेदवारको अन्तिम नामावली प्रकाशन पुस ५ गते अपराह्न ५:४५ बजेसम्म हुनेछ । समितिले उम्मेदवारको दर्खास्त साथ दाखिल हुनुपर्ने शुल्क रु ५१ हजार तोकेको छ । मतदान पुस ६ गते बिहान ८ देखि १० बजेसम्म हुनेछ । मतदान गर्न आउँदा मतदाताले आफू निर्वाचित भएको प्रमाणपत्र साथमा लिई आउनुपर्ने समितिले जनाएको छ । कांग्रेस संसदीय दलको कार्यालय परिसर, सिंहदरबारमा मतदान हुने र लगत्तै मतगणना गरी परिणाम घोषणा गरिनेछ ।

## प्रतिनिधिसभा सदस्यको शपथ बिहीबार हुने

**रासस**
**काठमाडौं, ४ पुस**

प्रतिनिधिसभामा नयाँ निर्वाचित सदस्यको शपथ यही पुस ७ गते बिहीबार हुने भएको छ ।

सङ्घीय संसद् सचिवालयका महासचिव डा भरतराज गौतमका अनुसार सङ्घीय संसद् भवन नयाँ बानेश्वरमा यही पुस ७ गते बिहीबार दिनको १ बजे प्रतिनिधिसभा सदस्यको शपथ ग्रहण हुनेछ ।

नेपालको संविधानको धारा ८८ बमोजिम सङ्घीय संसद्को प्रत्येक सदनका सदस्यले सदन वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनुअघि सङ्घीय कानुनबमोजिम शपथ लिनुपर्ने भन्ने व्यवस्था छ । सभामुख चयन हुनुअघि ज्येष्ठ सदस्यले प्रतिनिधिसभा सदस्यलाई शपथ खुवाउने व्यवस्था छ । ज्येष्ठ सदस्यलाई राष्ट्रपतिले शपथ ग्रहण गराएपछि अन्य सदस्यलाई शपथ गराउनेछन् । शपथ ग्रहणका लागि निर्वाचन आयोगबाट प्राप्त प्रतिनिधिसभा सदस्य पदको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी एवं हालसालै खिचेको पासपोर्टसाइजको फोटो दुईप्रतिसहित उपस्थित हुन सङ्घीय संसद् सचिवालयले आग्रह गरेको छ । राष्ट्रिय पोशाक वा आआफ्नो सांस्कृतिक पहिचान झल्कने पोशाकमा उपस्थित भईदिनसमेत सचिवालयले आग्रह गरेको छ ।

प्रतिनिधिसभाका कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिन चाहेमा त्यस्तो सदस्यले शपथको व्योहोरा आफ्नो मातृभाषामा अनुवाद गरी सो अनुवादको प्रतिसहित सङ्घीय संसद् सचिवालयमा उपलब्ध गराउन आग्रह गरिएको छ ।

## सराङकोटका जनप्रतिनिधिलाई ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ पुस**

पोखरा महानगरपालिका वडा नम्बर १८ का जनप्रतिनिधिलाई ध्यानाकर्षण गराइएको छ ।

सोमबार पोखरा १८ का वडा अध्यक्ष शिव प्रसाद तिमिल्सिना सहितको जनप्रतिनिधिहरुलाई नेकपा माओवादी केन्द्र पोखरा-१८ को एक समुहले सराङकोटको सार्वजनिक जग्गा संरक्षण गर्दै सार्वजनिक जग्गामा निर्माण हुनु पुर्व स्थानियहरुसंग छलफल र समन्वय गरेर मात्र अघि बढ्न आग्रह गर्दै ध्यानाकर्षण गराइएको हो ।

सराङकोटमा रहेको ५६ रोपनी जग्गा मध्येको करीब ५ रोपनी जग्गमा सराङ्कोट धार्मिक विकास समितिले शिव मन्दिर बनाएको र सराङकोटको टप भागमा कुनै व्यक्तिलाई अवैध रुपमा भौतिक संरचना बनाउन समितिले दिएको बिषयमा आफुहरुको गम्भिर ध्यानाकर्षण भएको नेकपा माओवादी केन्द्र पोखरा-१८ का अध्यक्षपुर्णाखरतिमिल्सिनालेबताए।

यस अघिका जनप्रतिनिधिहरुले पनि उक्त जग्गा भौतिक संरचना बनाउन दिन लाग्दा रोकेको दाबी गरेका उनले यस पटक स्थानिय, राजनीतिक दल तथा बुद्धिजीवीहरु बिच छलफल, समन्वय र सहमति बिना सार्वजनिक जग्गामा आफ्नो ढंगले भौतिक संरचना बनाउन दिएको बिषयमा वडा अध्यक्ष सहितका जनप्रतिनिधिहरुलाई उक्त कार्य तत्काल रोक्न आफुहरुले सुझाव दिएको अध्यक्ष पुर्णाखरले जनाए । आफुहरुको माग सम्बोधन नभए आन्दोलन नै गर्ने उनले चेतावनी समेत दिएका छन् ।

स्थानिय वडा सरकारले कुनैपनी राजनीतिक पार्टि, वडाबासिहरु, स्थानियबासीहरु, बौद्धिक व्यक्तित्वहरु नागरिक समाज वा



सरोकारवाला सँग कुनै छलफल नगरी अहिलेको वडा सरकार र धार्मिक बिकास समिती सराङकोटको मिलेमतोमा ठुला व्यपारीहरुलाई गणेश मुर्ति बनाउनको लागि सराङकोट टपको जग्गा दिई उक्त व्यापारीले भौतिक संरचना निर्माणको काम अगाडी बढाई सकेको अध्यक्ष पुर्णाखरको आरोप छ । सार्वजनिक महत्वको बिषयमा निर्णय गर्ने भन्दा अगाडि वडा सरकारले वडा भित्रका वासीन्दा, बौद्धिक व्यक्तित्व, सामाजिक व्यक्तित्व र राजनीतिक पार्टीको वृहत भेला गराई उक्त भेलाबाट आएको सल्लाह र सुझाव अनुसार अगाडी बढ्न माओवादी केन्द्र पोखरा-१८ ले अनुरोध समेत गरेको छ ।

माओवादी केन्द्रले सराङ्कोट टपमा बनाउन सुरु गरीएको भौतिक संरचना तत्काल रोक्नको लागि विनम्र अनुरोध गरेको छ भने पोखरा १८ भित्रका स्थानिय वासीहरु बौद्धिक व्यक्तित्वहरु, सामाजिक व्यक्तित्वहरु र राजनीतिक पार्टीहरुको वृहत भेला गराई उक्त भेलाबाट आएको सल्लाह र सुझाव अनुसार अगाडी बढ्नको लागि आग्रह गरेको छ । सराङ्कोटबाट शिव मन्दिर सम्म लगेको मोटर बाटोले गर्दा सराङ्कोट आउने पर्यटन गाडी बाटनै सराङ्कोट टपमा पुग्ने र गाडिबाट फर्किने हुने भएको हुँदा सराङ्कोटको पर्यटन प्रवर्द्धनको लागि अरबौं लगानी गरी बनाएका होटल, रेष्टुरेण्ट वा अन्य पर्यटन व्यवसायीहरुको लगानी जोखिममा परेको हुँदा उक्त शिव मन्दिर सम्म पुग्ने मोटरबाटो तत्काल र सधैको लागि रोक्नको लागि माओबादी केन्द्रले आग्रह गरेको छ । अहिले बनाउन सुरु गरिएको ठूला व्यापारीहरुको प्रोजेक्टले भोली सराङ्कोटको पर्यटन प्रवर्द्धनमा ठूलो समस्या हुने अवस्था देखिएको छ जसको कारणले गर्दा सराङ्कोटको पर्यटनमा ठूला व्यपारीको कब्जामा परी वडा वासीहरुको उत्पादन र पर्यटनमा गरेको लगानी जोखिममा पर्ने हुनाले वडा सरकारको ध्यान केन्द्रित गराउन चाहेको अध्यक्ष पुर्णाखरले जनाए ।

सराङ्कोट धार्मीक विकास समितीको आफ्नो आम्दानी र खर्चको पारदर्शितामा स्थानिय स्तरबाट प्रश्न उठेको हुँदा वडा सरकारको पहलमा उक्त विकास समितिले आर्थिक पारदर्शिता, प्रकाशनिक पारदर्शिता भावी योजनाको पारदर्शिता तत्काल सार्वजनिक गराउन पहल गर्न, पोखरा १८ भित्रका सार्वजनिक जग्गा वडा सरकारले तुरुन्त संरक्षण गर्ने रणनिती लिई सार्वजनिक जग्गा संरक्षण गर्नको लागि साथै पूर्व गा.वि.स.ले वितरण गरेका घडेरी सम्झौता अनुरुप १५/२५ का घडेरी कायम गराउनको लागि समेत माओबादी केन्द्रले अनुरोध गरेको छ। वडा बाट दिने सेवा र सुविधालाई सर्वशुलभ छोटो व्यवस्थीत गरी प्रविधीमैत्री बनाउन, पोखरा १८ भित्र रहेका नेपाल सरकारका सम्पन्न भईसकेका आयोजनाहरु र क्रमागत आयोजनाहरुको आम्दानी, खर्च र प्रगति विवरण सार्वजनिक गर्नको लागि अनुरोध गरेको अध्यक्ष पुर्णाखरले बताए ।

वडा अध्यक्ष शिवप्रसाद तिमिल्सिनाले सराङकोटको टपमा हाल कसैले भौतिक संरचना नवनाएको यसमा आफुहरुसमेत सचेत भएको बताए । माओबादी केन्द्रले उठाएका केही मुद्धामा आफुहरु गम्भिर भएको बताउदै उनले अब छिट्टै सार्वजनिक सुनुवाई गराई सराङकोटको विकासमा जनहित हुने काम गर्ने जनाए ।

यसैबिच, सराङ्कोट धार्मिक विकास समितिका अध्यक्ष प्रेम बहादुर जिसीले सराङकोट क्षेत्रमा धार्मिक पर्यटनको गन्तव्य नै बनाउने गरी पन्चमुखी मुर्ति बनाउने अभियान सुरु गरेको बताए । युवा व्यवसायी कालु गुरुङको नेतृत्वमा उक्त मुर्ति बनाउने गरी उपसमिति समेत गठन गरिएको उनले जनाए । उनले भने "सरकाङकोटको विकासको लागि को कसरी कति बर्षदेखि लाग्यो त्यो बुझ्नु पर्छ कसैले हल्ला गरेको भरमा लाग्न हुदैन, हामीले गठन गराएको उपसमितिले राम्रो काम नगरे आज तत्काल खारेज गर्न पनि सक्छौं ।" अन्नपुर्ण केवलकारका अध्यक्ष समेत रहेका कालु गुरुङले विभिन्न दाताको खोजि गरी करिब ८ करोड मुल्य बराबरको उक्त मुर्ति बनाउने अभियानमा आफुहरु जुटेको अध्यक्ष जिसीले जनाए । सराङकोटमा हाल गणेश मन्दिर, सभाहल सहितका करौडौका भौतिक संरचना निर्माण भएको तथा भ्यू टावर निर्माणकै क्रममा रहेको उनले जनाए ।

## राष्ट्रिय स्वतन्त्र पार्टीको संसदीय दलको नेतामा लामिछाने

**रासस**
**काठमाडौं, ४ पुस**

राष्ट्रिय स्वतन्त्र पार्टीको संसदीय दलको नेतामा पार्टी सभापति रवि लामिछाने चयन हुनुभएको छ ।

सो दलको सोमबार बसेको केन्द्रीय कार्यसमिति बैठकले सभापति लामिछानेलाई सर्वसम्मतिले नेता चयन गरेको केन्द्रीय सदस्य एवं प्रतिनिधि सदस्य सोविता गौतमले जानकारी दिनुभयो ।

गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा एवं प्रदेशसभा सदस्य निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिनिधिसभाको प्रत्यक्षतर्फ सात र समानुपातिकतर्फ १३ गरी २० सिट जितेको छ ।

राष्ट्रपति विद्यादेवी भण्डारीले यही पुस ३ गते आगामी नयाँ सरकार गठनका लागि आह्वान गर्नुभएसँगै प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दलहरूले आफ्नो पार्टीको संसदीय दलको नेता चयन गर्न लागेका छन् ।




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# ३६ वर्षपछि अर्जेन्टिनालाई विश्वकप फुटबलको उपाधि

रासस
काठमाडौं, ४ पुस

दक्षिण अमेरिकी राष्ट्र अर्जेन्टिनाले ३६ वर्षपछि फिफा विश्वकप फुटबल प्रतियोगिताको उपाधि उचालेको छ।

कतारको दोहास्थित लुसेल रङ्गशालामा आइतबार भएको २२ औँ संस्करणको फाइनल खेलमा फ्रान्सलाई टाइब्रेकरमा ४-२ गोलअन्तरले हराउँदै अर्जेन्टिनाले विश्वकपको उपाधिमा ह्याट्रिक गरेको हो। यसअघि अर्जेन्टिनाले सन् १९७८ र १९८६ मा दुई पटक उपाधि जितिसकेको छ। अर्जेन्टिना विश्वपकपको समूह चरणको पहिलो खेलमा साउदी अरेवियासँग पराजित भए पनि उपाधि उचाल्न सफल भयो। अर्जेन्टिना यसअघि सन् २०१४ मा फाइनल पुगेको थियो। उक्त फाइनलमा अर्जेन्टिना जर्मनीसँग पराजित भएको थियो।



खेलको २३औं मिनेटमा अर्जेन्टिनाका खेलाडी लियोलन मेस्सीले पेनाल्टीमार्फत् गोल गर्दै अग्रता दिलाए। पेनाल्टी क्षेत्रभित्र फ्रान्सका ओस्मान डेम्बेलेले अर्जेन्टिनाका एन्जल डि मारियालाई लडाएपछि रेफ्रीले पेनाल्टी दिएका थिए। जसको सदुपयोग गर्दै मेस्सीले गोल गरेका थिए। खेलको ३६औं मिनेटमा डि मारियाले अर्जेन्टिनाका लागि दोस्रो गोल गर्दै अग्रता दोब्बर बनाए। मारियाले पेनाल्टी एरियाबाट प्रहार गरेको बल गोलमा परिणत भएको थियो। खेलको ८०औं मिनेटमा फ्रान्सका लागि केलियन एमबाप्पेले पेनाल्टीमा गोल गरेका थिए भने ८१औं मिनेटमा एमबाप्पेले अर्को गोल गर्दै खेल बराबरीमा पुगेको थियो। खेलको निर्धारित समयसम्म दुई-दुई गोलको बराबरीमा सकिएपछि खेल अतिरिक्त समयमा लम्बिएको थियो ।अतिरिक्त समयमा पुगेको खेलमा अर्जेन्टिनाका लागि १०९औं मिनेटमा मेस्सीले गोल गरे। लौटारो मार्टिनेजले पेनाल्टी क्षेत्रभित्रबाट गरेको प्रहार गोलरक्षक लोरिसले बचाए पनि रिबाउन्डमा मेस्सीले गोल गर्न सफल भए भने अतिरिक्त समयको ३ मिनेट बाँकी रहँदा फ्रान्सका लागि केलियन एमबाप्पेले पेनाल्टीमा गोल गर्दै खेल ३-३ को बराबरीमा ल्याए। अतिरिक्त समयमा दुवै टोलीले एक-एक गोल गरेपछि खेल ३-३ गोलको बराबरीमा सकिएपछि खेल टाइब्रेकरमा गएको थियो। टाइब्रेकरमा गोलरक्षक इमिलियानो मार्टिनेज चम्किदा अर्जेन्टिना उपाधि जित्न सफल भयो। अर्जेन्टिनाका लागि लियोनल मेस्सी, पाउलो डिबाला, लिन्ड्रो पाराडेस र गोन्जालो मोन्टीले पेनाल्टीमा गोल गरे। उपविजेता बनेको फ्रान्सका लागि केलियन एमबाप्पे र रान्डेल कोलो मुवानीले मात्र पेनाल्टीमा गोल गरे भने किन्सले कोम्यान र अरुलिन चुवामेनी गोल गर्नबाट चुके। यसअघि फ्रान्स सन् १९९८ र २०१८ मा विजेता बनेको थियो।

प्रतियोगितामा सबैभन्दा धेरै आठ गोल गरेका फ्रान्सका केलियन एम्बाप्पेले गोल्डेन बुट पाए। उनले प्रतियोगिताका सात खेलमा आठ गोल गरेका थिए। उनले अर्जेन्टिनाका लियोनल मेस्सीलाई पछि पार्दै गोल्डेन बुट पाएका हुन्। अर्जेन्टिनाका लियोनल मेस्सीले सात खेलमा सात गोल गरेका थिए।साथै अर्जेन्टिनाका गोलरक्षक इमिलियानो मार्टिनेज उत्कृष्ट गोलरक्षक भए भने 'योङगेष्ट प्लेयर' एन्जो फर्नान्डेज भए।

# महोत्सवको पुर्वसन्ध्यामा अठार कविद्वारा अठार कविता वाचन

पोखरापत्र संवाददाता
पोखरा, ४ पुस

यही पुस ७ गतेदेखि शुरु हुने १८औं लेखनाथ महोत्सवको पुर्बसन्ध्यामा अठार कविले अठार कविता वाचन गरेका छन।

कवि सिरोमणी लेखनाथ पौडेलमा समर्पित गरेर उनीद्वारा रचीत अठार कविता अठार जना कविहरुले वाचन गरेका हुन। कार्यक्रमको उद्घाटन गर्दै साहित्यकार सरुभक्त श्रेष्ठले कवि शिरोमणि लेखनाथ पौडेल कविहरुका पनि कवि भएको बताउँदै उनको सम्मानका लागि यही छेत्रका व्यक्तित्वहरु लाग्नुपर्ने बताएका थिए।

कार्यक्रममा कविहरु ऋषिकेश बरालले ऋतुविचार, तारानाथ पराजुलीले पुर्बस्मृती, डा. इश्वरमणि अधिकारीले चरीको बिलाप, जीवनसागर भण्डारीले गौथलीको चिरीबीरी, अमृता पोखेलले कालमहिमा, नवराज अधिकारीले पिजडाकोसुगा,नारायणीअधिकारीले तरुण तपसी, अम्बिका प्रसाद भट्टराईलेहिमाल,छन्दिकात्रिपाठीले आमाको सम्झना, सागर केसीले नैतीक दृष्टान्त कविता वाचन गरेका थिए।

यस्तै कविहरु पद्मराज ढकालले बुद्धि बिनोद, नारायण प्रसाद पोखेलले मेरो किशोर, निर्मल सोतीले साहित्यको फुटबल, डा. जगन्नाथ रेग्मीले कलमसित, शिव संकल्पले सत्य सन्देश, बिकेश गिरीले कुन्जबर्तिनी बिप्रलब्धा, शिव त्रिपाठीले वसन्त कोकिल र माधवशरण उपाध्यायले भानु अस्तायेपछि लगायतका कविताहरु वाचन गरेका थिए।



उक्त अवसरमा वडा न. २७ का अध्यक्ष पुर्णकुमार गुरुङ, लेखनाथ उधोग वाणिज्य संघका पुर्वअध्यक्ष सुमन भट्टराई लगायतले बोलेका थिए।

महोत्सवका संयोजक छत्रधर आत्रेयको अध्यक्षतामा सम्पन्न कार्यक्रममा साहित्यिक कार्यक्रम उप समिति सह-संयोजक सन्जिव पौडेलले स्वागत गरेका थिए भने धन्यवाद ज्ञापन उप-समितिका सदस्य मदन घिमिरेले र कार्यक्रमको संचालन संयोजक केपी ढुंगानाले गरेका थिए।

'महोत्सव लेखनाथको संस्कृति, स्थानीय उत्पादन, विकास र सम्बृद्धि' भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको महोत्सवमा पर्यटन प्रवर्द्धन र नयाँ उद्योगको प्रवर्द्धन गर्नका लागी आयोजकले निशुल्क स्टलको ब्यवस्था गरेको छ भने महोत्सवमा रेष्टुरेण्ट, हस्तकला, कृषी, अटो, रेडिमेट, वित्तिय संस्था, पर्यटन प्रवर्द्धन, सुचना प्रविधी र उद्योगका स्टलहरु रहने प्रचार प्रसार संयोजक राजेन्द्र ओझाले वताए।

महोत्सवमा साहित्य, महिला विशेष, विद्यालयस्तरीय, सांस्कृतिक, आदिवासी, जनजाति विशेष कार्यक्रम, जैविक विविधता, कृषि तथा पशुपंक्षी प्रर्दशनी, सुचना प्रविधि, शैक्षिक प्रर्दशनी, हस्तकला, जातजातिहरुको सम्मानमा लोप हुन लागेका रितिरिवाज तथा संस्कृति झल्काउने उत्कृष्ट नृत्य प्रर्दशनी रहने छन। महोत्सवमा ख्याति प्राप्त हास्य व्यंग्य कलाकारहरुको दैनिक प्रस्तुति, बाल उद्यान, खाना महोत्सव, राष्ट्रिय लोक दोहोरी गीत, लाइभ म्युजिक कन्सर्ट थप आर्कषणका रुपमा रहने छन।

१० करोड बरावरको आर्थिक कारोवार हुने अनुमान गरिएको महोत्सवबाट ९५ लाख आम्दानी हुने र ८५ लाख खर्च भै १० लाख बचत हुने बताईएको छ। बचत रकमबाट प्रदर्शनी स्थल र संघको भवनको स्तरोन्नती, औद्योगिक क्षेत्रको निर्माणका लागि पहल एवम् सहयोग, कवि शिरोमणी लेखनाथ पौडयालको जन्मस्थल विकास र बेगनासताल, रुपाताल लगायतका पर्यटकिय स्थलहरुको प्रवर्द्धनको क्षेत्रमा खर्च गरिने योजना रहेको छ।

२ लाख ५० हजार दर्शकले महोत्सवको अवलोकन गर्ने अपेक्षा गरिएको महासचिव उपेन्द्रराज सुवेदी राजुले जानकारी दिए। महोत्सवको मुख्य प्रायोजकमा सगरमाथा ईन्स्योरेन्स कम्पनी लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक सह प्रायोजकको रुपमा रहेको छन्।

# गण्डकी प्रदेश : कांग्रेसको नेतृत्वमा सरकार गठन गर्ने पहल

पोखरापत्र संवाददाता
पोखरा, ४ पुस

नेपाली कांग्रेस गण्डकी प्रदेश समितिले प्रदेशमा नेपाली कांग्रेसको नेतृत्वमा गठबन्धनको सरकार बनाउन पहल गर्ने निर्णय गरेको छ।

कांग्रेस गण्डकी प्रदेश समितिको आइतबार सम्पन्न बैठकले गठबन्धनका दलहरूको बहुमत भएकाले कांग्रेसको नेतृत्वमा सरकार बनाउन पहल गर्ने निर्णय गरेको समितिका सदस्य एवं प्रचारप्रसार समितिका उपप्रमुख शिरोमणि बरालले जानकारी दिनुभयो। बैठकले निर्वाचनमा नेपाली कांग्रेससहित गठबन्धनका उम्मेदवारलाई मत प्रदान गर्नुहुने मतदातालाई धन्यवाद व्यक्त गरेको छ।

निर्वाचन सम्पन्न गर्न निर्वाचन आयोग, सुरक्षाकर्मी, कर्मचारी, सञ्चारकर्मी, पर्यवेक्षक र अन्य सङ्घ संस्थाले पुऱ्याएको सहयोगको लागि धन्यवाद व्यक्त गर्दै बैठकले निर्वाचित उम्मेदवार आम मतदाताको भरोसा र आकांक्षालाई पूरा गर्ने, देश र जनताको सेवामा समर्पित हुने विश्वास व्यक्त गरेको छ।

निर्वाचनमा गण्डकी प्रदेशभित्रका जिल्लामा भएका गतिविधिका बारेमा व्यापक छलफल भई निर्वाचनका सन्दर्भमा भएका कमी कमजोरीका विषयमा जिल्लाबाट प्रतिवेदन प्राप्त भइसकेपछि समिक्षा गर्न आवश्यक भएको महसुस गर्दै आगामी बैठकमा यस विषयमा समीक्षा गर्ने निर्णय गरेको बरालले जानकारी दिनुभयो।

प्रदेशमा कांग्रेसका तर्फबाट गण्डकी प्रदेशमा प्रतिनिधिसभामा दिइएका १२ जना उम्मेदवारमध्ये १० जना र प्रदेशसभाको सदस्यमा दिएका २१ जनामध्ये १८ जना विजयी भएको र प्रदेशसभा सदस्यमा समानुपातिकतर्फ नौजना निर्वाचित भएको भन्दै कांग्रेसका उम्मेदवारले प्राप्त गरेको विजयमा अपेक्षाकृत सफलता प्राप्त भएकोमा बैठकले खुसी व्यक्त गरेको छ।

प्रदेशसभामा पार्टीको संसदीय दलको नेताको निर्वाचन गर्नुपर्ने र यसका लागि नेपाली कांग्रेस संसदीय दलको विधान २०७४ को दफा ४ को ३ मा प्रदेश समितिले बनाएको निर्वाचन समितिले निर्वाचनको प्रक्रिया निर्धारण तथा निर्वाचन सम्पन्न गर्ने छ भन्ने प्रावधान रहेकाले नेपाली कांग्रेस गण्डकी प्रदेश संसदीय दलको नेताको निर्वाचनको लागि निर्वाचन समिति बनाउन पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरेको छ।

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा पार्टी अनुशासनमा नरही पार्टीका उम्मेदवारलाई असहयोगी भूमिका गर्ने कार्यकर्ताको बारेमा वडा, प्रदेश, क्षेत्र, जिल्ला, प्रदेश तहबाट प्रतिवेदन माग गर्न अनुशासन समितिलाई निर्देशन दिँदै समितिले प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यका नेपाली कांग्रेसका विजयी उम्मेदवारलाई उपयुक्त समयमा बधाई तथा शुभकामना कार्यक्रम आयोजना गर्ने निर्णयसमेत गरेको पार्टीका प्रवक्ता माधवप्रसाद बास्तोला(मधु)ले जानकारी दिनुभयो।

पार्टीका गण्डकी प्रदेश सभापति शुक्रराज शर्माको सभापतित्वमा सम्पन्न बैठकमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको विशेष उपस्थिति रहेको उहाँले बताउनुभयो।

# भद्रकाली बहुमुखी क्याम्पस इकाई समितिमा सापकोटा

पोखरापत्र संवाददाता
पोखरा, ४ पुस

पब्लिक क्याम्पस प्राध्यापक संघ, भद्रकाली बहुमुखी क्याम्पस इकाइ समितिको हालै भएको अधिबेशनले बुद्धिसागर सापकोटालाइ सभापतिमा चयन गरेको छ।

समितिको उपसभापतिमा नरेन्द्रबाबु घिघिरे, सचिवमा शुक्रराज सुवेदी, कोषाध्यक्षमा विकास सापकोटा र सदस्यहरुमा क्रमश दिवाकर जैसी, माधवराज घिमिरे, गोबिन्द गौतम, बष्णु प्रसाद दाहाल र अनन्त सिग्देल चयन भएका छन्।



अधिवेसन सम्पन्न गर्नको लागि निर्वाचन मण्डलमा संयोजक दिपक राज तिवारी र सदस्यमा हरिषचन्द्र सापकोटा रहेका थिए।

कार्यक्रममा समितिका निवर्तमान सभपाति लोकचन्द्र खनाल, सहायक क्याम्पस प्रमुख नारायण सापकोटा, निर्वाचान मण्डलका संयोजक दिपकराज तिवारी र नव निर्वाचित सभापति वुद्धिसागर सापकोटाले शुभकामना व्यक्त गरेको थिए।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

### सुक्तिसुधा

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# दलहरू सक्रिय बन्ने बेला

प्रतिनिधिसभाको सम्पूर्ण नतिजा सकिएपछि राष्ट्रपति विद्यादेवी भण्डारीले आइतबार संविधानको धारा ७६ (२) अनुसार प्रधानमन्त्री पदमा दाबी गर्न सात दिनको समय दिएकी छन् । प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभा सदस्य'ले यही पुस १० गते आइतबार साँझ ५ बजेभित्र आफ्नो दाबी पेस गर्नुपर्नेछ। बहुमत पुऱ्याउन सक्ने सांसदलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने संवैधानिक व्यवस्था रहेको छ।

२०७४ मा नेकपा एमाले र नेकपा माओवादी केन्द्रका सांसदहरूको समर्थनमा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री नियुक्त भएका थिए । अहिले धेरै दलको समर्थन चाहिने अवस्था छादेशमा राजनीतिक स्थिरताका लागि कांग्रेस र एमाले मिल्न सकेमा सात दिन पनि कुर्नु पर्दैन। अहिले त्यो अवस्था नभएको हुँदा समय थप्नु पर्ने हुनसक्छ। संविधानको धारा ७६ (१) बमोजिम प्रधानमन्त्री नियुक्ति गर्न कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त गरेको नदेखिएको उपधारा २ अनुसार प्रधानमन्त्रीको लागि आव्हान भएको हो । निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणामसहितको प्रतिवेदन मंसिर २९ गते राष्ट्रपतिसमक्ष पेस गरेको थियो । आयोगले समानुपातिक सांसदलाई आइतबार प्रमाणपत्र दिएको छ । उपधारा २ बमोजिम सात दिनभित्र सरकार नबने उपधारा ३ मा जान्छ।

उक्त उपधारामा लेखिएको छ, 'प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरू भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ ।' नेपाली कांग्रेसले संसदीय दलको नेता चयनमा छिटो गर्नु कथं कसैले बहुमत जुटाउन नसके ठूलो दलको हैसियतमा प्रधानमन्त्री नियुक्त हुन सक्छ।

२ सय ७५ सदस्यीय प्रतिनिधिसभामा बहुमत पुऱ्याउन १ सय ३८ सिट चाहिन्छ। कांग्रेस र एमालेबाहेक कुनै पनि दुई दल मिल्दा बहुमत पुग्ने अवस्था छैन। कांग्रेसले ८९ एमालेले ७८ सिट जितेका छन् । माओवादीले ३२, रास्वपा २०, राप्रपा १४, जसपा १२, एकीकृत समाजवादी १०, जनमत ६, लोसपा ४, नागरिक उन्मुक्ति ३, राष्ट्रिय जनमोर्चा र नेमकिपाले १/१ सिट जितेका छन् । स्वतन्त्रले ५ सिट जितेका छन् । दुई गठबन्धन चुनावी मैदान थिए। एउटा, कांग्रेस, माओवादी, एकीकृत समाजवादी (१०), लोसपा र जनमोर्चाको गठबन्धन थियो । अर्कातिर एमाले, राप्रपा र जसपाबीच तालमेल भएको थियो । पाँचदलीय गठबन्धन कायम रहे पनि बहुमत पुग्ने अवस्था छैन । उनीहरूको १ सय ३६ सिट मात्रै हुन्छ। एमाले, राप्रपा र जसपाको पक्षमा १ सय ४ सिट छ।

सरकार गठन आह्वान भए पनि संसद बैठक बसेको छैन । कांग्रेस, एमाले, माओवादी केन्द्र, राप्रपा र जसपाले नेता चयन गरेका छैनन् । प्रकृया थाल्न शुरु गरेका छन।दलहरूले उपधारा २ बमोजिम प्रधानमन्त्रीमा दाबी गर्न दलका नेता नभए पनि हुने अवस्था छ। संसद सचिवालयले सांसदहरूको सपथ ग्रहणको लागि पुस ७ गतेको समय तोकेको हुँदा अब नयाँ सरकार बनाउन दलहरूको सकृयता बढेको छाचाँडै नै बन्ने अवस्था बनेको छ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारीरिक झमेला | धनु | : सहयोग मिल्नेछ |
| ककर्ट | : ब्यापारमा लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# न्यूनचापीय प्रणालीको प्रभाव : वर्षा र हिमपातको सम्भावना

**रासस**
**काठमाडौं, ४ पुस**

भारतको विहारमा रहेको न्यूनचापीय प्रणालीको सामान्य प्रभाव नेपालमा रहेको छ।

उक्त मौसमी प्रणालीको प्रभावले देशका पूर्वी भेगका केही स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाका मौसमविद् सञ्जिव अधिकारीले पूर्वी क्षेत्रको उच्च पहाडी भेगमा हिमपात साथै केही क्षेत्रमा हल्का वषाकोसमेत सम्भावना रहेको जानकारीदिनुभयो।उहाँलेभन्नुभयो, "विहारमा न्यूनचापीय प्रणालीको सानो प्रणाली देखापरेकाले देशका पूर्वी भेगमा बादल बढ्ने र हिमपात हुने सम्भावना छ, केही क्षेत्रमा हल्का वर्षाको पनि सम्भावना रहेको छ।"

विशेषगरी प्रदेश १ र बागमती प्रदेशमा बढी बद्ली रहने मौसमविद् अधिकारीले उल्ललेख गर्नुभयो। महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा अहिले प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशमा आंशिकदेखि सामान्य बद्ली रहनुका साथै बाँकी भेगमा मौसम सामान्यतया सफा रहेको छ।

ती प्रदेशको उच्च पहाडी तथा हिमाली भूभागको एक दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ । रातिका समयमा पनि सोही किसिमको मौसमी प्रणाली कायम रहने महाशाखाले जनाएको छ । राजधानी काठमाडौँ उपत्यकाको आकाश बिहान सामान्य बद्ली रहे पनि मध्याह्नदेखि पारिलो घाम लागेको छ।

# संरक्षणको पर्खाइमा घुमाउने घर

**पोखरापत्र संवाददाता**
**पर्वत, ४ पुस**

पर्वतको आर्थरडाँडाखर्कमा रहेका परम्परागत घुमाउने घर संरक्षणको अभावमा खण्डहर बनेका छन् । गुरुङ समुदायको बाहुल्यता रहेको यस गाउँका अधिकांश परिवार सहरतिर बसाइँसराइ गर्दा गाउँका घर खाली भएका हुन् । गाउँमा पनि आजकल आधुनिक घर निर्माण गर्ने क्रम बढेकाले परम्परागत पुराना घरको संरक्षण हुन नसकेको हो।

पर्या-पर्यटनका लागि आर्थरडाँडाखर्क सम्भावना बोकेको गन्तव्य हो। सदरमुकाम कुश्मा र पोखारदेखि सजिलै पुग्न सकिने भएकाले आन्तरिक पर्यटक गाउँले वातावरणमा रमाउन यहाँका पाहुना घरमा आउने गर्छन् । भत्केको भए पनि पुरानो शैलीका घुमाउने घरले पर्यटकको ध्यान तान्ने गरेको छ।

"परम्परागत घुमाउने घर लोप हुनु भनेको जातीय, भौगोलिकताको पहिचान र मौलिकता गुमाउनु हो", पर्वत उद्योग वाणिज्य सङ्घ, पर्वतका सचिव राजन गुरुङले भन्नुभयो । आर्थरको पर्यटनलाई बढवा दिन भन्दै नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा पर्वतले पनि केही दिन अघि खबर शिविर सञ्चालन गरेको थियो।

"घुमाउने घरले गाउँको संस्कृति, मौलिकता र समुदायको परम्परालाई जीवित राख्न महत्वपूर्ण भूमिका खेल्ने गर्छ", जिल्ला शाखाका अध्यक्ष सन्तोष थापाले भन्नुभयो। कुश्मादेखिसार्वजनिक यातायातमा डेढघण्टाको यात्रा गरेपछि आर्थर पुगिन्छ । यहाँ आउने पर्यटकको बसाइँलाई ध्यानमा राख्दै प्रत्येकजसो घरमा पाहुना घर स्थापना गरिएका छन् । ऐतिहासिक तथा धार्मिक महत्व बोकेको पञ्चासेकोडाँडा पुग्न पनि आर्थर हुँदै जानुपर्छ । "कुश्मादेखि नजिकै भएर पनि यस गाउँ टाढिए जस्तो देखिन्छ", स्थानीयवासी रुपा थापा गुरुङले भन्नुभयो, "गाउँमा रहेको दुई सय वर्ष पुरानो बौद्ध गुम्बा, गुरुङ समुदायको कलासंस्कृति झल्कने ढुङ्गाका पुराना र घुमाउने घर समेटिने गरी गुरुङ सङ्ग्रहालय बनाइ गाउँकै प्रवर्द्धनमा लाग्नुपर्ने देखिन्छ।"

ढुङ्गाले छाएको छानो र रातो माटोले बनेका पुरानो घर यस गाउँका विशेषता भएपनि ती घरमा मान्छे बस्न छाडेको वर्षौ भइसकेको छ।

# बागलुङमा धान उत्पादन घट्यो

**पोखरापत्र संवाददाता**
**बागलुङ, ४ पुस**

लगातारको वर्षाले भित्र्याउनै ठिक्क परेको धानमा क्षति पुगेका कारण यस वर्ष बागलुङमा धान उत्पादनमा कमी आएको छ।

जिल्लामा यस वर्ष पाँच प्रतिशतले धान उत्पादनमा कमी आएको हो । बागलुङ नगरपालिका-४ की स्थानीय तेजकुमारी केसी अघिल्ला वर्षहरूमा १२ मुरी धान उत्पादन भएकोमा यस वर्ष भित्र्याउने बेला परेको पानी क्षति पुऱ्याउँदा सात मुरी मात्रै स्यारेको बताउनुहुन्छ।

उहाँ भन्नुहुन्छ, "यसपालि धान निकै राम्रो भएको थियो, पोहोर परार सालको भन्दा धेरै नै उत्पादन हुने आश थियो तर पाकेको धान स्यार्ने बेला एक्कासि एक साता पानी पर्दा धेरै नोक्सान भयो, धान सबै खेतभरी भएको थियो, न उठाउन मिल्ने न टिप्न, हामी किसानलाई वर्षाले रुवाउनु रुवायो ।" अहिलेको भन्दा अघिल्ला सालहरूमा झण्डै दोब्बरले धान उत्पादन हुँदासमेत आयातित खाद्यान्न किनेर उपभोग गरेको सुनाउनुभयो । "पहिला-पहिला अहिलेको भन्दा धेरै धान फल्थ्यो र त दोकाने चामल किनेर खानु पर्थ्यो, अहिले त झन, निकै कम उत्पादन भएको छ, बाहिरबाट आएकै चामलले वर्ष गुजार्नुपर्ने भयो", उहाँले भन्नुभयो । स्थानीय हरिप्रसाद सापकोटाले धानबालीमा क्षति पुगेको भन्दै अहिलेसम्म राहत पाउन नसकेको गुनासो गर्नुभयो। उहाँले बेमौसमी वर्षाका कारण यस वर्ष दोब्बरले धान उत्पादनमा कमी आएको बताउनुभयो । असोज अन्तिम साताको वर्षाले आफ्नो ५० प्रतिशत धान नोक्सान भएको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "यो वर्ष बेमौसमको वर्षाले किसानलाई धेरै दुःखी बनायो, बर्खाभरी दुःख गरेर धान लगाइयो, भित्र्याउने बेला पानीले खेतबरी बनाइयो दियो, यसपालि धान धेरै फलेको थियो, पानी बेलामाथि पर्दा सिँचाइ पनि राम्रो भएको थियो, तर काट्ने बेला हप्ता दिन झरी पर्दा नोक्सान बेहोर्नुपऱ्यो । कृषिज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले बेमौसमी वर्षाका कारण बागलुङका किसानले समस्या भोग्नुपरेको बताउनुभयो । उहाँले यस वर्ष पाँच प्रतिशतभन्दा बढी धान उत्पादनमा कमी आएको जानकारी दिनुभयो । अहिले पनि बागलुङ धानमा आत्मनिर्भर नरहेको भन्दै त्यसमाथि वर्षाले नोक्सानी गरेको उहाँको भनाइ छ।

"यस वर्ष धान राम्रो हुन्छ भन्ने आँकलन हामीहरूले गरेका थियौँ, किनकी समयमै वर्षा भएको थियो, त्यसले गर्दा सिँचाइ पर्याप्त भएको थियो, अलि कति धाउन रोपाइँको क्षेत्र पनि बढेको थियो", प्रमुख भट्टराईले भन्नुभयो, "जिल्लाको सबै ठाउँमा होइन केही ठाउँमा धेरै नै क्षति पुगेको थियो ।" गत वर्ष जिल्लाभर पाँच हजार आठ सय हेक्टर क्षेत्रफलमा धान लगाइएकोमा यस वर्ष छ हजार बढी हेक्टर क्षेत्रफलमा रोपाइँ भएको थियो । सिँचाइ राम्रो भएपछि जिल्लामा धान उत्पादन बढ्ने आँकलन गरिएको उहाँको भनाइ छ । अघिल्लो वर्ष १८ हजार तीन सय ५४ मेट्रिक टन धान उत्पादन भएकोमा यस वर्ष १८ हजार छ सय ९० मेट्रिक टन धान उत्पादन भएको भट्टराईको भनाइ छ। तुलनात्मकरुपमा केही बढेको देखिए पनि खेतीयोग्य जमिन बढ्दा उत्पादन पनि बढ्नुपर्ने हो। तर त्यसो हुन सकेन।

बागलुङमा ४६ हजार एक सय ४८ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिन रहेकोमा ३० हजार पाँच सय २३ हेक्टर क्षेत्रफलमा मात्रै खेती हुँदै आएको छ। छ हजार एक सय ४८ हेक्टर क्षेत्रफलमा मात्रै सिँचाइको सहज पहुँच पुगेको छ। सो मध्ये बाह्रै महिना सिञ्चित क्षेत्र दुई हजार सात सय ७५ हेक्टर रहेको छ।

# जाडो बढेसँगै इन्फ्लुएन्जाको जोखिम

**रासस**
**काठमाडौं, ४ पुस**

जाडोयामसँगै इन्फ्लुएन्जा (फ्लु)सङ्क्रमण जोखिम बढेको छ। जाडोमा सक्रिय हुने इन्फलुएन्जा भाइरस बच्चादेखि युवा र वृद्धवृद्धामा इन्फ्लुएन्जाको सङ्क्रमण हुँने गर्दछ।

दीर्घरोगी, गर्भवती, ज्येष्ठ नागरिक तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई इन्फ्लुएन्जाको सङ्क्रमण बढी हुने गर्दछ । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका इन्फ्लुएन्जाका फोकलपर्सन डा मिलन ब्रजाचार्यले रोगप्रतिरोधात्मक क्षमता कम भएकालाई सङ्क्रमणको जोखिम बढी हुने गरेको बताउनुहुन्छ। "दीर्घरोगी बिरामीलाई इन्फ्लुएन्जाले फोक्सोमा असर गरेर निमोनिया जस्ता समस्या आउन सक्छन," उहाँले भन्नुभयो,"यस्ता बिरामीलाई सघन उपचार कक्ष (आइसियु)मा राखेर उपचार गर्नुपर्दछ ।" नेपालमा इन्फ्लुएन्जा 'ए' पुष्टि भइसकेको छ । कात्तिकदेखि फागुनसम्म इन्फ्लुएन्जा भाइरसको सङ्क्रमण हुने भएकोले सतर्कता अपनाउनुपर्ने उहाँ बताउनुहुन्छ। डा बज्राचार्यले हप्तामा सात-आठ स्वाब सङ्कलन गरेर नमुना राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाउने गरेको बताउनुभयो।

इन्फ्लुएन्जा सङ्क्रमणका बिरामीमा ज्वरो आउनु, खोकी लाग्नु र घाँटी दुख्नु, टाउको दुख्नु, नाक बन्द हुनु वा सिगान बग्नु, जिउ र मांसपेशी दुख्नु, थकान महसुस जस्ता लक्षण देखा पर्दछन् । इन्फ्लुएन्जा भएका सबैलाई ज्वरो नआउन पनि सक्छ।

यसबाट बच्न बिरामी भएकमा व्यक्तिसँग भौतिक दूरी राख्ने, खोक्दा वा हाच्छिउ गर्दा आफ्नो मुख र नाक छोप्ने, सम्भव भएसम्म बिरामी हुँदा घरमै बस्ने, शारीरिक रुप्मा सक्रिय हुने र प्रशस्त्र तरल पदार्थ र पौष्टिक खाना खाने, बेलाबेलामा साबुनपानीले हात हुने र आफ्नो आँखा, नाक वा मुख नछुने गर्नुपर्दछ।

# बगर सम्याएर खेल मैदान

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ४ पुस**

पश्चिम म्याग्दीको मङ्गला गाउँपालिका-५ अर्मनको पिपलबोटस्थित कैलाशफाँटमा म्याग्दी नदी किनारको बगर सम्माएर पालिकास्तरीय खेलमैदान बनाइएको छ। खेलमैदानको लम्बाइ एक सय २० मिटर र चौडाइ ७१ मिटर छ।

यस खेल मैदानलाई स्तरोन्नति गरी गाउँपालिकास्तरको खेलमैदान बनाउने उपभोक्ता समितिका अध्यक्ष श्यामसुन्दर कँडेलले बताउनुभयो । प्याराफिट, घेराबार निर्माण र बीचमा रहेको विद्युत्को पोल विस्थापित गरेपछि खेलमैदान सञ्चालनमा ल्याइने कँडेलले बताउनुभयो । उहाँका अनुसार खेलमैदान निर्माणका लागि गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयले एक स्थानीय तह, एक खेलमैदान कार्यक्रममार्फत रु १५ लाख विनियोजन गरेको थियो।

प्रदेश सरकार
पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा साना उद्योग कार्यालय, कास्की**
गण्डकी प्रदेश, पोखरा

**फर्म हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०७९/०८/०७

यस कार्यालयबाट मिति २०५७/०५/०१ मा कास्की जिल्ला पोखरा १६ मा संचालन गर्ने गरी पोखरा १६ कास्की निवासी ज्ञानु कुमारी बस्नेतको नाउँमा दर्ता रहेको उद्योग दर्ता नं. ३७१६/०५७/०५८ को एस एस बल्क उद्योग नामक फर्मका प्रोपराईटर श्री ज्ञानु कुमारी बस्नेतको मिति २०७४/०९/२९ मा मृत्यु भएको हुँदा निजको नजिकको हकवाला जेठा छोरा श्री विक्रम बहादुर बस्नेतले आफ्नो नाममा नामसारी गरिपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौदा लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार निवेदक श्री विक्रम बहादुर बस्नेतको नाममा नामसारी भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

# गाउँमै पौष्टिक आहार उत्पादन गरिँदै

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ४ पुस**

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घारमा बालबालिकाको लागि आवश्यक पर्ने पौष्टिक आहार (सर्वोत्तम पिठो) गाउँमै उत्पादन गर्ने तयारी भएको छ।

सामाजिक विकास कार्यालयको आर्थिक सहयोग, अन्नपूर्ण गाउँपालिका र वडा कार्यालयको समन्वयमा मिलन म्याग्दीले स्थानीयस्तरमा उपलब्ध खाद्यान्न प्रयोग गरेर सर्वोत्तम पिठो उत्पादन गर्ने तालिम आयोजना गरेको हो। सात दिनसम्म सञ्चालन हुने तालिममा ३५ जनाको सहभागिता रहेको मिलन म्याग्दीका कार्यकारी निर्देशक दिलमाया बिटालुले जानकारी दिनुभयो । पुस १ गतेदेखि तालिम सञ्चालन भएको थियो । पच्चीस जनाको कोटा भए पनि लक्ष्यभन्दा बढी सङ्ख्यामा सहभागी गराइएको उहाँले बताउनुभयो । सामाजिक विकास कार्यालयको सक्षम महिला, समानान्तर पाइला कार्यक्रममार्फत रु दुई लाख बजेटबाट सो तालिम सञ्चालन गरिएको हो। गहुँ, मकै र भटमासको पिठोलाई मिश्रण गरेर घरमै सर्वोत्तम पिठो बनाउने ज्ञान सीप प्रदान गर्न तालिम आयोजना गरिएको हो। तालिमको सुआहार कार्यक्रमका पोषणविज्ञ राजेन्द्र अधिकारी र बालकुमारी पुनले सहजीकरण गर्नुभएको छ । तालिम अनुगमनका क्रममा आइतबार घारमा पुग्नुभएका अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुन र प्रमुख प्रशासकीय अधिकृत सुरणप्रसाद शर्मा पौडेलले पिठो उत्पादनका लागि आवश्यक पर्ने उपकरण उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभएको छ । जङ्कफुडको आयात घटाउने, व्यावसायिकरुपमा उद्यम सञ्चालन गरेर रोजगारी र आयआर्जनको अवसर सिर्जना गराउने, आर्थिकरुपमा सक्षम र उद्यमशीलताको विकास गराउने उद्देश्यले तालिम सञ्चालन गरेको मिलनका कार्यकारी निर्देशक बिटालुले बताउनुभयो।

सर्वोत्तम पिठो छ महिना उमेर पुगेका बच्चाको लागि उपयुक्त पौष्टिक आहार मानिन्छ। स्थानीयस्तरमा ज्ञान सीप नहुँदा बच्चाले मन पराउने सर्वोत्तम पिठो बजारबाट खरिद गर्दै आएका छन् । सीप भएपछि घरमै उपलब्ध कृषिउपजको प्रयोग गरेर सर्वोत्तम पिठो बनाउन सकिने स्थानीय महिलाले बताएका छन्।

# व्यासमा श्रम तथा रोजगार शाखा स्थापना गरिँदै

**पोखरापत्र संवाददाता**
**तनहुँ, ४ पुस**

तनहुँको व्यास नगरपालिकाले श्रम तथा रोजगार शाखा स्थापना गर्ने भएको छ । नगरपालिकाले पहिलोपटक वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई लक्षित गरी शाखा विस्तार गर्ने तयारी गरेको छ।

आप्रवासन अवसर र चुनौती दुवै रहेकाले नीतिद्वारा आप्रवासनको सुरक्षा गर्ने उद्देश्यले शाखा स्थापना गरी सहयोग पुऱ्याउन लागिएको हो । वैदेशिक रोजगारीमा जाने नेपालका जिल्लामध्ये १८औं नम्बरमा तनहुं पर्दछ । व्यास नगर प्रमुख वैकुण्ठ न्यौपानेले अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस २०२२ को अवसरमा आइतबार वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिसँगको अन्तर्क्रिया कार्यक्रममा व्यासमा श्रम र रोजगारसम्बन्धी शाखा स्थापना गरिने जानकारी दिनुभयो । आगामी नगरसभाबाट पारित गरी कार्यान्वयनमा ल्याउने गरी तयारी भएको उहाँले बताउनुभयो । "अब हुने नगरसभाबाट पारित गरी व्यास नगरपालिकामा श्रम तथा रोजगार शाखा स्थापना गरिनेछ । वैदेशिक रोजगारसम्बन्धी जोडिएका श्रम र रोजगारसँग सम्बन्धित रिटर्नीको समस्या, उनीलाई स्वरोजगारसँग जोडी आत्मनिर्भर र उद्यमशील बनाउने काम सोही शाखाले गर्नेछ", उहाँले भन्नुभयो । युवालाई उद्यमशील बनाउन यस आर्थिक वर्षमा नगरपालिकाले रु ५० लाख विनियोजन गरेको उहाँले बताउनुभयो । सामी कार्यक्रम प्रभावकारी र उपयोगी भएको जनाउँदै उहाँले यसलाई अझ विस्तार गर्नुपर्नेमा जोड दिनुभयो । 'वैदेशिक रोजगारीबाट प्राप्त सीप, पुँजी र ज्ञान उद्यमशीलता, रोजगारी र राष्ट्रिय स्वाभिमान' भन्ने नाराका साथ व्यास नगरपालिकाद्वारा आयोजित उक्त अन्तर्क्रियामा व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले सीप नसिकी कोही पनि वैदेशिक रोजगारीमा जान नहुने बताउनुभयो । "सीप नसिकी, दक्षता हासिल नगरी, नबुझी विदेश जाने दाजुभाइले धेरै दुःख पाउनुभएको छ", उहाँले भन्नुभयो, "त्यसैले सीप सिकी दक्ष बनी विदेश जानुपर्दछ।" सामी कार्यक्रमका गण्डकी प्रदेश संयोजक शैलेन्द्र मिश्रले वित्तीय व्यवस्थापन, सम्बन्धित देशको भाषा, मौसम तथा कानुनजस्ता विषयमा जानकारी, सही र भरपर्दो रोजगार व्यवसायीको छनोट, स्वास्थ्यसम्बन्धी सचेतना र पारिवारिक व्यवस्थापन गर्न आवश्यक रहेको बताउनुभयो ।

### तनहुँका नौ सम्पर्कविहीन

वैदेशिक रोजगारीको सिलसिलामा विदेश गएर लामो समयसम्म घरपरिवारसँग सम्पर्कमा नआउने गरेका छन् । घरपरिवारसँग धेरै वर्षसम्म सम्पर्कमा नआएका जिल्लाका नौ रहेको आप्रवासी कामदार हकहित संरक्षण केन्द्र तनहुँका अध्यक्ष दीपेन्द्र खनालले जानकारी दिनुभयो ।

वैदेशिकरोजगारीकोसिलसिलामा विदेश गएर घरपरिवारसँग लामो समयदेखि सम्पर्कविहीन भएका उहाँले बताउनुभयो । वैदेशिक रोजगारीमा गएको नौदेखि २० वर्षसम्मका रहेका जनाइएको छ । वैदेशिक रोजगारीमा मलेसिया गएदेखि (२० वर्ष) हालसम्म ऋषिङ गाउँपालिका-७ का ओमप्रकाश परियार परिवारसँग सम्पर्कमा नआएका उहाँले बताउनुभयो ।

त्यस्तै दुवई गएको १५ वर्षदेखि व्यास नगरपालिका-४ का सुरेन्द्र खनाल, मलेसिया गएको १५ वर्षदेखि म्याग्दे गाउँपालिका-१ का कृष्णबहादुर सिजाली मगर, मलेसिया गएको ११ वर्षदेखि व्यास नगरपालिका-९ का शङ्कर गैरे, मलेसिया गएको ११ वर्षदेखि म्याग्दे गाउँपालिका-२ का दिलबहादुर गुरुङ, मलेसिया गएको नौ वर्षदेखि म्याग्दे-५ का बमबहादुर गुरुङ, दुबई गएको नौ वर्षदेखि म्याग्दे-२ का सुदर्शन रानाभाट, व्यास -६ का शमशेर विक र भानु नगरपालिका-२ का पदमराज दाहाल हालसम्म घरपरिवारसँग सम्पर्कमा नआएको उहाँले जानकारी दिनुभयो ।

# गोदाममै थन्किए अल्लोका कपडा

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ४ पुस**



म्याग्दीमा अल्लोबाट उत्पादन गरिएका कपडा बजार अभावले थन्किएका छन् । जङ्गलमा खेर गएको अल्लोलाई सदुपयोग गरी गाउँमै उद्योग स्थापना गरेर अल्लोका कपडा बनाउँदै आएकाका उद्यमी बजार अभावले समस्यामा परेका हुन् ।

विगत छ वर्षदेखि धौलागिरि गाउँपालिका-७ धारापानीमा नेचुरल नेप्लिज ह्यान्डी क्राफ्ट प्रोडक्ट एन्ड मार्केटिङ उद्योग सञ्चालन गरीअल्लो कपडा उत्पादन गर्दै आउनुभएका युवा उद्यमी किरन थापाले उत्पादन भएका कपडाको बजारीकरणमा समस्या भएको गुनासो गर्नुभयो । उहाँले अल्लोबाट उत्पादन गरेको कपडालाई कोट, पाइन्ट, टोपी, झोला, जुत्तालगायतका सामग्री बनाउनका लागि बेनी, पोखरा, काठमाडौँलगायतका ठाउँमा बजारीकरण गर्दै आउनुभएको छ । पछिल्लो दुई वर्षयता अन्तर्राष्ट्रिय बजारमा नेपालमा उत्पादन भएका अल्लो कपडाको माग र निर्यात घटेको कारण उद्यमी समस्यामा परेको थापाको भनाइ छ। "विदेशमा निर्यात हुने अल्लो कपडाको परिमाण अत्यन्तै कम भएको छ, मेरो उद्योगमा मात्रै पाँच सय मिटर बढी कपडा गोदाममै थन्किएको छ", उहाँले भन्नुभयो । उद्योगबाट अल्लोको थान कपडा उत्पादन गरेर बिक्री गर्दै आउनुभएका थापाले नौ जनालाई प्रत्यक्षरुपमा रोजगार दिँदै आउनुभएको छ। यस गाउँपालिकाको गुर्जा, मुदी, लुलाङ, मल्कवाङलगायतका जङ्गलमा खेर गइरहेको अल्लोलाई स्थानीयवासीबाट सङ्कलन गरी उद्योगमा प्रशोधन गरेर धागो बनाएर कपडा तयार गरिँदै आइएको छ। गत वर्ष स्थानीयवासीबाट तीन हजार किलो अल्लोको पुवा सङ्कलन गरेको उद्योगले यस वर्ष सात हजार किलोसम्म अल्लोको पुवा खरिद गर्ने जनाएको छ । उद्योगमा कपडा बुन्नेसँगै जङ्गलमा अल्लोको पुवा सङ्कलनबाट समेत स्थानीयवासीले अम्दानी गर्दै आएका छन् । उद्योगले अल्लोको पुवालाई प्रतिकिलो रु एक सय २० मा खरिद गर्दै आएको उद्यमीथापाले जानकारी दिनुभयो । "हामी गाउँपीलकाभित्रका स्थानीयले सङ्कलन गर्ने जति पनि अल्लोको पुवा खरिद गर्न सक्छौँ, उद्योगको क्षमताले उत्पादन बढ्दै गएकाले उत्पादिन सामग्रीको बजारीकरणमा समेत नयाँ ठाउँ र बजारको खोजी थालिएको छ", उहाँले भन्नुभयो ।

उहाँले उद्योगमा अहिलेसम्म करिब २५ लाख लगानी गर्नुभएको छ । उद्योग स्थापनामा डिभिजन वन कार्यालयले मेसिन खरिदमा अनुदान सहुलियत दिएको दिएको थियो । यस अल्लो कपडा उद्योगबाट उत्पादन भएका कपडामध्ये अल्लो मात्रबाट निर्मित कपडाको प्रतिमिटरको रु आठ सय र कटन मिसाएको रु पाँच सय ५०, ऊन मिसाएको रु पाँच सयमा बिक्री हुने गरेको उद्योगका व्यवस्थापक प्रभात अधिकारीले जानकारी दिनुभयो । "स्वास्थ्यको लागिसमेत लाभदायी हुने अल्लोको कपडाको प्रयोग नेपालमा धेरै हुन सकेको छैन, अझै पनि नेपालमा उत्पादन भएको कपडाको बजार विदेश नै हो, विदेशी पर्यटकको आगमन प्रभावित भएकाले पनि नेपालमा पछिल्लो समय अल्लो कपडाको बजारीकरणमा समस्या भएको देखिएको छ", उहाँले भन्नुभयो । जङ्गलमा पुसदेखि वैशाखसम्म अल्लोको पुवा सङ्कलन गर्ने गरिन्छ ।

# स्वर्गीय पूर्ण स्मृति पुरस्कारबाट भण्डारी, आचार्य र रिमाल सम्मानित

**पोखरापत्र संवाददाता**
**तनहुँ, ४ पुस**

तनहुँ मिडिया नेटवर्क प्रालिद्धारा सञ्चालित शुक्लागण्डकी एफ.एम.का पुर्व अध्यक्ष स्वर्गीय पूर्ण कुमार श्रेष्ठको स्मृतिमा स्थापित 'पूर्ण स्मृति शुक्लागण्डकी एफ एम पत्रकारिता पुरस्कार २०७९' बाट पत्रकार विश्व बन्धु भण्डारी, पूर्ण स्मृति शुक्लागण्डकी एफ.एम. साहित्य सम्मानबाट साहित्यकार शेषमणि आचार्य र पूर्ण स्मृति शुक्लागण्डकी एफ.एम. सामाजिक व्यक्तित्व सम्मानबाट समाजसेवी भक्त बहादुर रिमाल सम्मानित भएका छन् ।

रेडियोका तत्कालीन अध्यक्ष स्वर्गीय पूर्ण कुमार श्रेष्ठको स्मृतिमा स्थापित पूर्ण स्मृति शुक्लागण्डकी एफ.एम. सम्मान तथा पुरस्कार सोमवार दुलेगौंडामा प्रदान गरिएको हो । गण्डकी प्रदेश सभा सदस्य श्यामराजा महत, स्वर्गीय पुर्ण कुमार श्रेष्ठका श्रीमती निर्मला श्रेष्ठ र एफ.एम.का अध्यक्ष ज्योती श्रेष्ठले दोषल्ला, सम्मानपत्र र नगदले आचार्य र रिमाललाई सम्मान गर्नुभएको हो । कार्यक्रममा पत्रकारिता पुरस्कार बाट सम्मानित विश्ववन्धु भण्डारी पारिवारिक स्वास्थ्यका कारण उपस्थित हुन नसकेपछि उनका छोरा सुदिप बन्धु भण्डारी मार्फत पुरस्कार प्रदान गरिएको छ । ४ दशकदेखि पत्रकारितामा क्रियाशिल विश्व बन्धु भण्डारी दमौलीबाट प्रकाशित हुने भञ्ज्याङ दैनिकको संस्थापक सम्पादक हुन् । प्रेस स्वतन्त्रता सेनानी भण्डारीले यसअघि पत्रकारिता क्षेत्रका ९ वटा पुरस्कार प्राप्त गरिसकेका छन् । साहित्यतर्फ सम्मानित शेषमणि आचार्यको रम्बास कविता संग्रह 'डाली', ' मलाई एउटा बाासुरी देऊ', 'हामी' लगायतका साहित्यिक कृति प्रकाशित छन् । समाजसेवातर्फ सम्मानित भक्त बहादुर रिमालले शुक्लागण्डकीको शिक्षा, स्वास्थ्य, सामाजिक तथा धार्मिक क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गरेका छन् । तनहूँ जिल्ला स्तरीय पत्रकारिता र साहित्य पुरस्कारको राशी दश-दश हजार रुपैयाँ र शुक्लागण्डकी नगर स्तरीय सामाजिक व्यक्तित्व सम्मानको राशी नगद पाँच हजार रुपैयाँ रहेको छ। कार्यक्रममा बोल्दै गण्डकी प्रदेश सभा सदस्य श्यामराजा महतले पत्रकारिता, साहित्य र सामाजिक क्षेत्रका उदाहरणीय व्यक्तित्वलाई सम्मान गरेर शुक्लागण्डकी एफ.एमले नयाँ पुस्तामा प्रेरणा प्रदान गरेको बताए । सम्मान ग्रहण पछि बोल्दै साहित्यकार आचार्यले श्रेष्ठको निधनले शुक्लागण्डकीले एक असल अगुवा गुमाएको उल्लेख गरे । स्वर्गीय श्रेष्ठको कदर स्वरुप स्थापित पुरस्कारको पहिलो संस्करण प्रदान गरेकोमा गौरवान्वित महशुस भएको आचार्यको भनाई थियो । सम्मानित समाजसेवी भक्त बहादुर रिमालले सामाजिक क्रियाकलापमा सक्रिय मिलनसार स्वर्गीय पूर्ण कुमार श्रेष्ठको निधनप्रति दुःख व्यक्त गर्दै सेवामुलक काममा सक्रिय हुन पुरस्कारले सबैलाई उत्प्रेरित गर्ने विश्वास व्यक्त गरे । रेडियोको स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गरेका पूर्णको २०७८ जेठ १२ गते हृदयघातका कारण ४८ वर्षको उमेरमा निधन भएको थियो । शुक्लागण्डकी नगरपालिका वडा नं. ५ का अध्यक्ष दीर्घबहादुर थापा, ६ का अध्यक्ष बुद्धिबहादुर थापा, ७ का अध्यक्ष खड्ग सिं थापा, १० का अध्यक्ष राजेन्द्र भट्टराई क्षेत्री लगायतले स्वर्गीय श्रेष्ठको योगदानको स्मरण गर्दै पुरस्कार तथा सम्मान कार्यक्रमले श्रेष्ठको स्मृतिलाई अमर राख्ने बताएका थिए । कार्यक्रममा सल्लाहकार आनन्द सुन्दर श्रेष्ठले साहित्य विधामा पुरस्कृत आचार्य, राजन रिमालले पत्रकारितातर्फका सम्मानित व्यक्ति भण्डारी र रघुनाथ पौडेलले सामाजिक सेवातर्फका सम्मानित रिमालको परिचयबारे प्रकाश पारेका थिए ।

सोहि अवसरमा उत्कृष्ट विज्ञापनदाताको रुपमा दुलेगौंडा सपिङ सेण्टरका सञ्चालक सन्दिप श्रेष्ठ, ओम एम आभुषण सुनचादी पसलका सञ्चालक मिन बहादुर सुनार, तनहुँ स्याङ्जा सुनचाँदी पसलका सञ्चालक नारायण सुनार र उत्कृष्ट स्रोताको रुपमा भिमाद-४ पिरुङकी खगि माया थापालाई सम्मान गरिएको थियो । रेडियोका अध्यक्ष ज्योती श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा शुक्लागण्डकी नगर उद्योग वाणिज्य संघका अध्यक्ष विमल प्रसाद रिमाल, पुरस्कार छनौट समितिका संयोजक नारायण श्रेष्ठ, समितिका उपाध्यक्ष सरस्वती सिग्देल, सचिव ऋषेश्वर भुवाई, शेयरधनी सदस्यकोतर्फबाट पूर्ण आले, स्टेसन मेनेजर राजन उपाध्याय लगायतले बोलेका थिए ।

# तनहुँमा हलगोरु पाल्ने किसानलाई दश हजार अनुदान

**पोखरापत्र संवाददाता**
**तनहुँ, ४ पुस**

तनहुँको म्याग्दे गाउँपालिकाले हलगोरु पाल्ने किसानलाई प्रोत्साहनस्वरुप रु दश हजार अनुदान दिने भएको छ । कृषि उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले किसानलाई अनुदान दिने कार्यक्रम ल्याएको हो ।

"गाउँपालिकाभित्र हलगोरु पाल्ने किसानको तथ्याङ्क सङ्कलन गर्ने काम भइरहेको छ", गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीलेभन्नुभयो।गाउँपालिकाले किसानलाई ५० प्रतिशत अनुदानमा हाते ट्याक्टरलगायत सामग्रीसमेत प्रदान गर्दै आएको छ।

औजार खरिद गर्न नसक्ने किसानलाई हलगोरु पाल्न अनुदान दिन लागेको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो । गोरु पाल्ने र जोत्ने परम्परा हट्दै जान थालेपछि यसको संरक्षण गर्नका लागि उक्त कार्यक्रम अघि बढाएको हो । गाउँपालिकाले असहाय रोगीलाई रु दश हजार प्रदान गर्दै आएकामा चालु आवदेखि रु पन्ध्र हजार आर्थिक सहायता प्रदान गर्दैआएको श्रेष्ठले जानकारी दिनुभयो । चालु आवको प्रथम चौमासिक सामाजिक सुरक्षा भत्ताअन्तर्गत तीन हजार चार सय एघार लाभग्राहीलाई रु २९ लाख ८६ हजार रकम वितरण गरिएको छ ।

आकस्मिक बाली संरक्षण सेवा कार्यक्रमअन्तर्गत ५५ किसानलाई करिब एक सय बीस रोपनी क्षेत्रफलको धानमा लागेको कीरा नियन्त्रणका लागि विषादी वितरण गरिएको छ ।

# भित्र्याउने बेलाको वर्षाले धान उत्पादनमा कमी

**पोखरापत्र संवाददाता**
**बागलुङ, ४ पुस**

समयमै वर्षा हुँदा बागलुङका किसानले असार र साउन महिनामै रोपाइँ गरे । रोपाइँपछि पनि नियमित वर्षात् हुँदा खेतमा लगाएको धान सप्रियो, किसान खुसी भए ।

जब धान पाक्यो र भित्र्याउने बेला भयो तब बेमौसमी वर्षा भयो । लगातारको वर्षाले भित्र्याउ नै आँटेको धानमा क्षति पुगेका कारण जिल्लामा धान उत्पादनमा गिरावट आएको हो । मध्यपहाडी जिल्ला भए पनि यहाँ विगतमा राम्रो धान उत्पादन हुन्थ्यो । तर यस वर्ष उत्पादनमा कमी आउँदा किसान मर्कामा परेका छन् । जिल्लामा यस वर्ष पाँच प्रतिशतले धान उत्पादनमा कमी आएको हो । बागलुङ नगरपालिका-४ की स्थानीय तेजकुमारी केसी अघिल्ला वर्षमा १२ मुरी धान उत्पादन भएकामा यस वर्ष भित्र्याउने बेला परेको पानी क्षति पुऱ्याउँदा सात मुरी मात्रै स्याहारेको बताउनुहुन्छ । केसी भन्नुहुन्छ, "यसपाली धान निकै राम्रो भएको थियो, पोहोर परार सालकोभन्दा धेरै नै उत्पादन हुने आश थियो तर पाकेको धान स्याहार्ने बेला एक्कासी एक साता पानी पर्दा धेरै नोक्सान भयो, धान सबै खेतभरि भएको थियो, न उठाउन मिल्ने न टिप्न, हामी किसानलाई वर्षाले रुवाउनु रुवायो ।" अहिलेकोभन्दा अघिल्ला सालमा झण्डै दोब्बरले धान उत्पादन हुँदासमेत आयातित खाद्यान्न किनेर उपभोग गरेको सुनाउनुभयो । "पहिलापहिला अहिलेकोभन्दा धेरै धान फल्थ्यो र त दोकाने चामल किनेर खानुपर्थ्यो, अहिले त झन्, निकै कम उत्पादन भएको छ, बाहिरबाट आएकै चामलले वर्ष गुजार्नुपर्ने भयो", केसीले भन्नुभयो ।

स्थानीय हरिप्रसाद सापकोटाले धानबालीमा ठूलो क्षति पुगेको भन्दै अहिलेसम्म राहत पाउन नसकेको गुनासो गर्नुभयो । उहाँले बेमौसमी वर्षाका कारण यस वर्ष दोब्बरले धान उत्पादनमा कमी आएको बताउनुभयो । असोज अन्तिम साताको वर्षाले आफ्नो ५० प्रतिशत धान नोक्सान भएको गुनासो गर्नुभयो । सापकोटले भन्नुभयो, "यो वर्ष बेमौसमको वर्षाले किसानलाई धेरै दुःखी बनायो, बर्खाभरि दुःख गरेर धान लगाइयो, भित्र्याउने बेला पानीले खेतबरी बनाइयो दियो, यसपाली धान धेरै फलेको थियो, पानी बेलामाथि पर्दा सिँचाइ पनि राम्रो भएको थियो, तर काट्ने बेला हप्ता दिन झरी पर्दा नोक्सान बेहोर्नुपऱ्यो । कृषिज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले बेमौसमी वर्षाका कारण बागलुङका किसानले समस्या भोग्नुपरेको बताउनुभयो । उहाँले यस वर्ष धान उत्पादनमा पाँच प्रतिशतभन्दा बढीले कमी आएको बताउनुभयो । अहिले पनि बागलुङ धानमा आत्मनिर्भर नरहेको भन्दै त्यसमाथि वर्षाले नोक्सानी गरेको उहाँको भनाइ छ । "यस वर्ष धान राम्रो हुन्छ भन्ने अनुमान हामीहरुले गरेका थियौं, किनकी समयमै वर्षा भएको थियो, त्यसले गर्दा सिँचाइ पर्याप्त भएको थियो, अलिकति धाउन रोपाइँको क्षेत्र पनि बढेको थियो", प्रमुख भट्टराईले भन्नुभयो, "जिल्लाको सबै ठाउँमा होइन केही ठाउँमा धेरै नै क्षति पुगेको थियो ।" गत वर्ष जिल्लाभर पाँचभन्दा केही बढी हेक्टर क्षेत्रफलमा धान लगाइएकामा यस वर्ष छ हजारभन्दा बढी हेक्टर क्षेत्रफलमा रोपाइँ भएको थियो । सिँचाइ राम्रो भएपछि जिल्लामा धान उत्पादन बढ्ने आँकलन गरिएको उहाँको भनाइ छ ।

अघिल्लो वर्ष १८ हजार तीन सय ५४ मेट्रिकटन धान उत्पादन भएकामा यस वर्ष १८ हजार छ सय ९० मेट्रिकटन धान उत्पादन भएको भट्टराईको भनाइ छ । तुलनात्मकरुपमा केही बढेको देखिए पनि खेतीयोग्य जमिन बढ्दा उत्पादन पनि बढ्नुपर्ने हो । तर त्यसो हुन सकेन । बागलुङमा ४६ हजार एक सय ४८ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिन रहेकामा ३० हजार पाँच सय २३ हेक्टर क्षेत्रफलमा मात्रै खेती हुँदै आएको छ । छ हजार एक सय ४८ हेक्टर क्षेत्रफलमा मात्रै सिँचाइको सहज पहुँच पुगेको छ । त्यसमध्ये बाह्रै महिना सिञ्चित क्षेत्र दुई हजार सात सय ७५ हेक्टर रहेको छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि.स. २००२/०३/०१

स्वर्गारोहणः वि.स. २०७९/०८/२८ गते

स्व: मनध्वज गुरुङ

यस गोरखा तमु समाज पोखराका आजिवन सदस्य पोखरा महानगरपालिका-१० रंगशाला निवासी अमित गुरुङका पुजनीय बुबा **मनध्वज गुरुङ** को ७७ वर्षको उमेरमा निधन भएको आज ७ औं दिनको पुण्य तिथि एवमं अर्घौ कार्यमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**गोरखा तमु समाज पोखरा**
**पोखरा-१५, नयाँगाउँ**